# रिब्दीकोट गाउपालिका

# स्थानीय राजपत्र

**खण्डः ७ रिब्दीकोट कार्तिक ३, २०८० साल संख्याः ७**

**भाग-२**


**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिम पोषण सुधार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन, २०८०) सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## पोषण सुधार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७९

(प्रथम संशोधन, २०८०)

संशोधन स्वीकृत मितिः २०८०।०६।२८

**१. परिचय :**

पशुपालन व्यवसाय बढी व्यवसायिक तथा प्रतिस्पर्धी व्यवसायको रुपमा विकास गर्न उत्पादनमा लगानी घटाउन, दुध र मासु उत्पादन लागत घटाउन, घाँसमा आधारित पशुपालनलाई उन्नत घाँस खेतीलाई व्यापकता दिदै कृषकलाई आवश्यक पर्ने गुणस्तरिय घाँसको बिउ, सेट्स, स्लीपको उत्पादन र वितरण वडा भित्र नै सुनिश्चित गर्ने हेतुले घाँस वितरण कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम संचालन गर्न लागिएको हो ।

**२.उद्देश्य :**

१. कृषकहरुलाई आवश्यक पर्ने विभिन्न घाँसका बिउ, सेट्स, स्लीप र बेर्नाहरु सबै वडा भित्र नै उपलब्धताको सुनिश्चित गर्ने,

२. पशु उत्पादकत्वमा लाग्ने लागत कम गर्ने,
३. पशुजन्य उत्पादकत्व बृद्धि गर्ने,
४.घाँसमा आधारित पशुपालनमा जोड दिने ।

**३. लक्षित समुह**

पशुपालक कृषक, समुह, सहकारी, उद्यमी, पशु सम्बन्धि समितिहरु ।

**४.कार्यक्रम संचालन प्रक्रियाः**

१. कृषक, फर्म, सहकारी तथा सरोकारवालाहरुले पशु स्वास्थ्य सेवाका लागि मौखिक तथा लिखित रुपमा कार्यालयसँग अनुरोध गर्न सक्नेछ ।
२. यसरी अनुरोध भई आएका कृषि/पशु सेवा शाखाले उपलब्ध जनशक्तिलाई यथासंभव छिटो उक्त कार्यको लागि खटाउनु पर्नेछ ।
३. यसरी जनशक्ति खटाउँदा आवश्यक पर्ने घाँसको बीउ बेर्नाको समेत यथासंभव व्यवस्था गर्नुपर्नेछ ।
४. घाँसको बीउ बेर्ना व्यवस्थापन वार्षिक नीति कार्यक्रम र बजेटको परिधि भित्र रही कार्यालयले प्रचलित कानूनी प्रक्रिया पुरा गरी गर्नुपर्नेछ ।

**५. अपेक्षित उपलब्धि :**

१. पशुजन्य उत्पादकत्व बृद्धि गर्ने,
२. निर्वाहमुखि व्यवसायलाई व्यवसायिकरण गर्ने,
३. गाउँपलिकालाई पशु जन्य पदार्थमा आत्मनिर्भर तर्फ उन्मुख गराउने ।

**६. वितरण प्रक्रिया तथा कानूनी व्यवस्था :**

१. घाँसको बीउ/बिरुवा वितरणको लागि १५ दिने सूचना प्रकाशन गरी माग संकलन गरिनेछ ।
२. माग भएको परिमाणमा ७५ अनुदानमा घाँसको बिउ/बिरुवा उपलब्ध गराईनेछ ।
३. यस कार्यविधि प्रथम पटक राजपत्रमा प्रकाशनमा ल्याइएको एकीकृत कृषि तथा पशुपन्छी कार्यविधि २०७९ मा उल्लेखित परिच्छेद १ र २ सम्म र अनुसूचीहरु कार्यान्वयनमा ल्याईनेछ ।

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत